# प्रथम मेयर कप
# वडा स्तरिय फुटवल प्रतियोगिता-२०७६
## खेलाडी दर्ता फाराम

खेलाडी दर्ता नं. ............

वडाको नं. ............

फोटो

खेलाडीको पुरा नाम : ..........................................................................................................

PLAYERS NAME IN BLOCK LETTER

गाउँ/टोलको नाम ..........................................................................फोन नं. ........................

जन्म मिति ...........................खेल्ने पोजिसन ............................खेलाडीको हस्ताक्षर :

बुवाको नामः ..........................................................................फोन नं. ......................

आमाको नामः ..........................................................................................................

जन्मदर्ता नं./नागरिकता नं. ..............................................

उपरोक्त लिखित विवरण सम्बन्धि आवश्यक कागजपत्र यसै साथ संलग्न गरेको छु। झुठा ठहरे कानुन बमोजिम सहुला बुझाउँला।

वडा कार्यालयको छाप

..............................................

सिफारिस गर्ने वडा अध्यक्षको हस्ताक्षर

सह–आयोजक
कैलाली जिल्ला फुटवल संघ
धनगढी, कैलाली

आयोजक
धनगढी उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय

# प्रथम मेयर कप
## वडा स्तरिय फुटवल प्रतियोगिता-२०७६
धनगढी, कैलाली
## खेल तालिका

### समूह 'क'
वडा नं. ४
२०७६/१/२० गते
दिउँसो ३:३० बजे
वडा नं. २
२०७६/१/२५ गते
दिउँसो ४:०० बजे
वडा नं. १२
२०७६/१/२६ गते
दिउँसो ४:०० बजे
वडा नं. ९
२०७६/१/२२ गते
दिउँसो २:३० बजे
वडा नं. १६
क्वार्टर फाईनल

सेमी फाईनल
२०७६/१/२८
दिउँसो ४ बजे

### समूह 'ख'
वडा नं. १९
२०७६/१/२१गते
दिउँसो २:३० बजे
वडा नं. ६
२०७६/१/२५ गते
दिउँसो २:३० बजे
वडा नं. १८
२०७६/१/२७ गते
दिउँसो ४:०० बजे
वडा नं. ११
२०७६/१/२३ गते
दिउँसो २:३० बजे
वडा नं. १३
क्वार्टर फाईनल

### समूह 'ग'
वडा नं. ५
२०७६/१/२१ गते
दिउँसो ४:०० बजे
वडा नं. १७
२०७६/१/२४ गते
दिउँसो २:३० बजे
वडा नं. ७
२०७६/१/२६ गते
दिउँसो २:३० बजे
वडा नं. १
२०७६/१/२३ गते
दिउँसो ४:०० बजे
वडा नं. १५
क्वार्टर फाईनल

सेमी फाईनल
२०७६/१/२८
दिउँसो २:३० बजे

### समू
वडा न
२०७६/१/२२ ग
दिउँसो ४:०० ब
वडा न
२०७६/१/२७ ग
दिउँसो २:३० बजे
वडा नं
२०७६/१/२४ ग
दिउँसो ४:०० बजे
वडा नं.
क्वार्टर फाईनल

### फाइनल
२०७६/१/३० गते
दिउँसो ३:०० बजे

नोट :- उद्घाटन खेल देखि क्वाटर फाइनल सम्मका खेलहरु ध.उ.म.न.पा.-१२ स्थित मनकामना यूवा क्लबको खेल मैदानमा हुनेछ । साथै सेमी फाइनल र फाइनल खेलहरु ध.उ.म.न.पा.- फुलवारी डिपो बजार स्थित न्यू पृथ्वी यूथ क्लबको खेल मैदानमा हुने व्यहोरा जानकारी गराईन्छ । उद्घाटन समारोहमा सम्पूर्ण वडाका टिमहरुको अनिवार्य उपस्थिति हुनुपर्नेछ । स सम्पूर्ण टिमलाई फुटवलका जर्सी र मोजा पनि उद्घाटन समारोहमा वितरण गरिनेछ ।

# प्रथम मेयर कप
# वडा स्तरिय फुटवल प्रतियोगिता-२०७६
## प्रतियोगिता नियमावली

**नियम (१) प्रतियोगिताको नाम**

यस प्रतियोगिताको नाम प्रथम मेयर कप वडा स्तरिय फुटवल प्रतियोगिता-२०७६ रहने छ ।

**नियम (२) आयोजक तथा व्यवस्थापक**

धनगढी उपमहानगरपालिका तथा सह-आयोजक कैलाली जिल्ला फुटवल संघ हुनेछ ।

**नियम (३) खेल स्थल तथा संचालक समिति**

प्रतियोगिताका खेलहरु उद्घाटन देखी क्वाटर फाइनल सम्म ध.उ.म.न.पा.- वडा नं. १२, को मनकामना यूवा क्लबको खेल मैदानमा हुनेछ भने सेमी फाईनल र फाइनल खेल तथा समापन ध.उ.म.न.पा.-१८ स्थित न्यू पृथ्वी यूथ क्लब डिपो बजारको खेल मैदानमा हुनेछ । प्रथम मेयर कप फुटवल प्रतियोगिता २०७६ बैशाख २० गते देखि २०७६ बैशाख ३० गतेसम्म नकाउटको आधारमा खेलाईने छ ।

**नियम (४) सहभागिता तथा टिम दर्ता**

यस प्रतियोगितामा धनगढी उपमहानगरपालिका भित्रका १९ वटा वडाको सहभागिता रहनेछ भने टिम दर्ता बैशाख १५ गते भित्र दर्ता गरिसक्नु पर्नेछ ।

**नियम (५) खेलाडी दर्ता**

यस प्रतियोगितामा सहभागी हुने टिमले १८ जना खेलाडी, २ जना अफिसियल गरि जम्मा २० जनाको अन्तिम नामावली रजिष्टर गर्नुपर्नेछ ।

**नियम (६) पुरस्कार**

यस प्रतियोगितामा प्रथम हुने टिमलाई नगद रु. १ लाख १ हजार रुपैया पुरस्कार, प्रमाण पत्र, शिल्ड र ट्रफि, द्धितिय हुने टिमलाई नगद रु. एकाउन्न हजार रुपैया पुरस्कार, प्रमाण पत्र, शिल्ड र ट्रफि प्रदान गरिने छ । साथै प्रतियोगिताको उत्कृष्ट खेलाडी रु. ५,५००, उत्कृष्ट गोल रक्षक रु. ५,५००, उत्कृष्ट डिफेन्डर रु. ५,५००, उदयमान खेलाडीलाई रु. ५,५०० पुरस्कारको व्यवस्था गरिएको छ । नगद पुरुस्कारमा नियम अनुसार कर कट्टी गरि प्रदान गरिनेछ ।

**नियम (७) अनुशासन**

नियम विपरित अनुशासनको उल्लघंन गर्ने खेलाडी एवं वडा दुवैलाई नगद रु. १००००।- (दश हजार) जरिवाना र अखिल नेपाल फुटबल संघको आयोजना वा स्विकृतिमा हुने कुनै पनि

खेलमा सहभागि हुन वञ्चित गराउन जिल्ला फुटवल संघ र अखिल नेपाल फुटवल संघ (एन्फा)मा पहल गरिने ।

नियम (८) खेल नियममावली

प्रतियोगिताका खेलहरु बिश्व फुटबल महासंघ FIFA द्वारा पारित (Laws of the Game) / ANFA नियमको अधिनमा रहि आयोजकको यस प्रतियोगिता नियमावलीलाई लागु गराई खेलाईने छ ।

नियम (९) खेल तालिका र खेल अवधि

यस प्रतियोगिताको खेल तालिका आयोजक समितिले निर्धारण गर्नेछ । कुनै पनि आकास्मिक वा प्राविधिक कारणवश खेल तालिका परिवर्तन गर्नू परेमा सोको अधिकार आयोजक समितिमा निहित रहनेछ। सो मा कुनै उजुर तथा दाबी बिरोध गर्न पाईने छैन । प्रतियोगिताका प्रत्येक खेलहरुको ३५-३५ मिनेट गरि दुई हाफ गरि ७० मिनेट खेलाईने छ र १५ मिनेट विश्राम दिईने छ । निर्धारित ९० मिनेटको समयमा खेल बराबरी भएमा टाईब्रेकर द्वारा खेलको निर्णय गरिनेछ । फाइनल खेल ४५-४५ मिनेट दुई हाफ गरि ९० मिनेटको खेलाइनेछ ।

नियम (११) जर्सी कलर र किट्स

प्रत्येक टोलीको आ-आफ्नै दुई सेट जर्सी हुनुपर्ने छ साथै पछाडी र अगाडीको नम्बर प्रस्ट हुनुपर्दछ । दर्ता गरिएको जर्सी सम्बन्धित खेलाडीले प्रयोग गर्नुपर्नेछ तथा जर्सीको पछाडी आफ्नो वडाको नाम अनिवार्य रुपमा लेख्नु पर्नेछ र प्रत्येक खेलाडीले बुट सिनप्याडको प्रयोग अनिवार्य रुपले गर्नु पर्नेछ भने गोल किपरले पन्जा पनि अनिवार्य रुपले प्रयोग गरेको हुनुपर्ने छ ।

नियम (११) ग्राउन्ड रिपोटिङ्ग

प्रत्येक टोलीले खेल सुरु हुनुभन्दा कम्तिमा एक घण्टा अगाडि खेल्ने ११ जना खेलाडी तथा ७ जना सुरक्षित खेलाडीहरु सहितको खेल्ने ११ जना खेलाडी तथा ७ जना सुरक्षित खेलाडीहरु सहितको नामावली फर्ममा भरि म्याच कमिस्नरलाई बुझाउनुपर्ने छ । साथै ९ जना खेलाडी तथा अफिसयल मात्र खेलाडी बक्समा बस्न पाउनेछन र निजको नाम स्टाटिङ्ग लिस्टमा स्पष्ट उल्लेख भएको हुनु पर्ने छ ।

नियम (१२) सट्टा खेलाडी

प्रत्येक खेलमा सहभागि टिमले सुरक्षित ७ जना खेलाडी हरुमध्ये (गोलकिपर सहित) जम्मा ३ जना सट्टा खेलाडीको रुपमा खेलाउन सक्नेछन् ।

नियम (१३) प्रतियोगितामा रेफ्रिको काम कर्तव्य र अधिकार

प्रतियोगिताका प्रत्येक खेलका लागि रेफ्रिहरु नियुक्त गर्ने अधिकार आयोजकमा निहित रहने छ र सो सम्पूर्णलाई मान्य हुने छ । प्रतियोगिता अर्न्तगत प्रत्येक खेलको प्रतिवेदन रेफ्रि समिति मार्फत आयोजक समितिमा प्रतियोगिता समाप्त भए पश्चात् बुझाउनु पर्नेछ । खेल दौरान रेफ्रिले लिएको निर्णय अन्तिम र मान्य हुनेछ । रेफ्रिको निर्णय उपर कुनै उजुरी अपिल लाग्ने छैन ।

नियम (१४) चेतावनी तथा निष्काशन

क) खेल दौरान कुनै खेलाडीले एक पटक पहेँलो कार्ड पाएमा निजलाई चेतावनी दिईनेछ र सोही खेलाडीले पुनः अर्को पटक पहेँलो कार्ड पाएमा सोही खेलमा तथा आगामी अर्को एक खेल खेल्नबाट बञ्चित गरिनेछ ।

ख) खेल दौरान कुनै खेलाडीले रातो कार्ड पाएमा निज खेलाडीले खेल मैदानबाट निष्काशित हुनु पर्नेछ र आगामी एक खेल खेल्नबाट बञ्चित हुनेछ । साथै कार्ड पाएको प्रकृति हेरी थप अनुशासनिक कारवाही समेत गर्न सकिनेछ ।

ग) प्रतियोगिता दौरान सहभागी टिमका खेलाडीहरु वा अफिसियल ले खेल मैदानमा रहेको रेफ्रि सहायक रेफ्रि सुरक्षित रेफ्रि, तथा आयोजक समितिका कुनै पनि पदाधिकारी संग अभद्र व्यवहार गरि गाली गलौच गरिएको पाइएमा वा झै झगडा गरेमा उक्त टिमलाई अवस्थाको गम्भिरताको जाँच गरि कारवाहि समेत गरिनेछ । तत् सम्बन्धि कुनै उजुर विरोध लाग्ने छैन ।

घ) खेल स्वच्छ खेल भावनाले खेल्नु पर्ने छ । मिलेमतोबाट खेलिने खेललाई निरुत्साहित गरिनेछ । मिलेमतोबाट खेलिएको ठहर भएमा आयोजक समितिले उक्त दुवै टिमलाई जरिवानाका साथै कडा कारवाही गरिनेछ ।

नियम (१५) खेल बाहिष्कार

कुनै पनि टिमले प्रतियोगितामा सहभागि जनाई सकेपछि खेल बहिष्कार गर्न पाउने छैन खेल बहिष्कार गरेमा त्यस्ता टिमलाई नगद रु २०,०००।- (बिस हजार रुपैया) अनिवार्य जरिवाना गरिनुका साथै बहिष्कार गर्ने टिमलाई यस प्रतियोगिताबाट निष्काशित गरिनेछ अखिल नेपाल फुटबल संघ वा मातहतका संघ संस्थाहरुले खेलाईने कुनैपनि फुटबल प्रतियोगितामा सहभागि नगराउन जिल्ला फुटवल संघ तथा अखिल नेपाल फुटबल संघमा सिफारिस गरिनेछ । साथै थप अनुशासनिक कारवाही समेत गर्न सकिनेछ,। यदि कुनै टिमले खेल दौरान बहिष्कार गरेमा विपक्षि टोलीलाई स्वत विजयी घोषित गरिनेछ ।

नियम (१६) स्थगित खेल

कुनै कारणवंश प्राकृतिक प्रकोप वा प्रविधिकरणले खेल स्थगित हुन गएको खण्डमा पुनः खेलाउन आयोजक समितिले स्थगित भएको खेल शुरु हुनुभन्दा कम्तिमा १ दिन अगावै सुचना दिईनेछ । र सो स्थगित खेल संचालन गर्न खेल समितिले खेल संचालन गर्न खोजेको मिति समय र स्थानको निर्धारण आयोजक समितिले गर्नेछ । सो सहभागी टिमहरुलाई मान्य हुनुपर्नेछ र यस सम्बन्धमा कुनै दावी विरोध लाग्ने छैन । खेल चल्दा चल्दै बिचैमा रोकिन गएमा सोहि नतिजा र सोहि समयमा अर्को दिन खेल खेलाईने छ ।

नियम (१७) औषधि उपचार व्यवस्था

प्रतियोगिता दौरान खेल मैदानमा खेल अवधिभित्र कुनै चोट पटक तथा दुर्घटना भएमो खण्डमा त्यस्ता खेलाडीलाई आयोजक समितिले प्रथामिक उपचार मात्र उपलब्ध गराउनेछ । भने त्यस भन्दा बाहेकका औषधी उपचार तथा अन्य खर्च सम्बन्धित टिमले नै व्यवस्था गर्नु पर्ने छ ।

नियम (१८) विरोधपत्र

प्रतियोगिता खेल सम्बन्धि सहभागि कुनै टिमले प्रतियोगिताका विपक्षि अर्को टिमलाई खेल सम्बन्धि दावी विरोध गर्नुपरेमा खेल समाप्त भएको एक घण्टा भित्र लिखित पत्र सहित रु ५,०००।-

(रु. पाँच हजार) आयोजक समितिलाई बुझाउनु पर्नेछ । दावी विरोध गर्दा किटानी सहित दावी विरोध गर्नुपर्नेछ । सो दावी विरोध उपर आयोजक समितिले छानविन गरि उचित निर्णय गरिने छ । सो उजुर उपर कुनै अपिल लाग्ने छैन । साथै प्रतियोगिताको खेल तालिका, खेल मैदान, बल, खेल समाग्रीहरु रेफ्रि तथा रेफ्रिको निर्णय सम्बन्धि कुनै पनि दावी विरोध गर्न पाईने छैन ।

नियम (१९)

(क) खेलाडी सम्बन्धित वडाका स्थायी बासिन्दा हुनु पर्नेछ भने खेलाडीको बसाई सराई दर्ता वा नागरिकाताको प्रतिलिपि पेश गर्नुपर्नेछ । आवश्यक परेको खण्डमा सक्कल कागजात पेश गर्नु पर्नेछ र एउटा वडा मा दर्ता भएको खेलाडी अर्को वडाबाट खेल्न पाउने छैन ।

नियम (२०)

प्रतियोगिता सम्बन्धि सम्पूर्ण अधिकार कैलाली जिल्ला फुटवल संघमा निहित रहने छ।

नियम (२१)

प्रतियोगिता संचालनमा कुनै किसिमका विवाद आएको खण्डमा अन्तिम निर्णय दिने अधिकार धनगढी उपमहानगरपालिका नगर खेलकुद विकास समितिको रहनेछ ।